<हुलाक कोड>
<ठेगाना>
<कर्जा लिने व्यक्तिको थर> <ऋण लिने व्यक्तिको नाम>
<कर्जा कोड नं>

【आवेदन/सम्पर्क स्थान】
साइतामा प्रिफेक्चर समाज कल्याण परिषद
कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी
【टेलिफोन नम्बर】050-2018-1839
【खुल्ने समय】सोमवार देखि शुक्रवार (बिदाको दिन बाहेक) 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

# कोरोना विशेष ऋणको कर्जा चुक्ता स्थगन प्राप्त गर्नेहरूलाई सूचना

कर्जा चुक्ता स्थगन अवधि समाप्त भएपछि कर्जा चुक्ताको बारेमा समस्या भएका व्यक्तिहरूले पेश गर्ने **कर्जा चुक्ता स्थगन अवधि विस्तारको** लागि आवेदनहरू स्वीकार गरिनेछ। सारांश निम्नानुसार छ, त्यसैले यदि तपाईं इच्छुक हुनुहुन्छ भने कृपया आवेदन दिनुहोस्।

| | |
|---|---|
| यस पटक लक्षित व्यक्तिहरू (दायाँमा रहेका तीनवटै बुँदाहरू पूरा गर्नेहरू) | ・कर्जा चुक्ता स्थगन अवधि भित्र रहेका कर्जा लिने व्यक्ति<br>・कर्जा लिने व्यक्तिहरू जसको कर्जा चुक्ता स्थगन अवधि रेइवा सम्बत 5 साल डिसेम्बरदेखि सन् रेइवा 5 साल डिसेम्बरसम्ममा समाप्त हुन्छ<br>・कर्जा चुक्ता स्थगन अवधि सकिए पछि पुनः कर्जा चुक्ता गर्न समस्या भएका कर्जा लिने व्यक्तिहरू |
| आवेदन दिने स्थान | साइतामा प्रिफेक्चर समाज कल्याण परिषद　कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी |
| आवेदन दिँदा आवश्यक पर्ने कागजातहरू | क　कर्जा चुक्ता स्थगन अवधि विस्तारको आवेदन फारम तथा जीवनयापनको अवस्था पुष्टिकरण पत्र<br>ख　परिवारका सबै सदस्यहरू सुचिकृत निवासी प्रमाणपत्र (जारी भएको 3 महिना भित्रको)<br>ग　कर्जा लिने व्यक्ति र घरपरिवारको मुख्य व्यक्तिको रेइवा आर्थिक वर्ष 5 सालको कर लागु प्रमाणपत्र वा पछिल्लो 3 महिनाको आय थाहा हुने कागजात<br>※ यदि कर्जा लिने व्यक्ति र परिवारका सदस्यहरूको मानसिक, शारीरिक र जीवनयापनको अवस्था देखाउने कुनै कागजातहरू जस्तै अशक्तता पुस्तिकाको प्रतिलिपि छन् भने कृपया तिनीहरूलाई सँगै पेश गर्नुहोस्। |
| कर्जा चुक्ता स्थगन अवधिको विस्तारसम्मको प्रक्रियाको प्रवाह | ① कर्जा लिने व्यक्तिले कर्जा चुक्ता स्थगन अवधि विस्तारको लागि आवेदन दिने भएमा आवश्यक कागजातहरू फिर्ती खाममा राखेर यसलाई साइतामा प्रिफेक्चर समाज कल्याण परिषदमा हुलाक मार्फत पठाउने।<br>② कर्जा लिने व्यक्तिलाई स्थानीय तहको समाज कल्याण परिषदबाट सम्पर्क गरिएपछि पहिलो अन्तर्वार्ता आदि सूचित गरिन्छ।<br>**③ साइतामा प्रिफेक्चर समाज कल्याण परिषदले स्थानीय तहका समाज कल्याण परिषदमा दिइएको अन्तर्वार्ता आदिको नतिजाको आधारमा कर्जा चुक्ता स्थगन अवधि बढाउने वा नबढाउने निर्णय गरेर कर्जा लिने व्यक्तिलाई सूचित गरिन्छ।** |

| | |
|---|---|
| कर्जा चुक्ता स्थगन अवधिको विस्तार पछिको प्रक्रियाको प्रवाह | ④ कर्जा लिने व्यक्तिले स्थानीय तहको समाज कल्याण परिषदबाट परामर्श सहयोग र जीवनयापन अवस्थाको पुष्टि जस्ता निगरानी सहायता प्राप्त गर्छन्।<br>⑤ कर्जा लिने व्यक्तिले स्थानीय तहको समाज कल्याण परिषदसँग मिति र समय समन्वय गरेर दोस्रो अन्तर्वार्ता आदि गरिन्छ (आवेदन फारम स्वीकार गरेको लगभग 6 महिना पछि)<br>※ सिद्धान्ततः दोस्रो अन्तर्वार्ता आमनेसामने हुनेछ।<br>**⑥ साइतामा प्रिफेक्चर समाज कल्याण परिषदले स्थानीय तहको समाज कल्याण परिषदको अन्तर्वार्ताहरू आदिको नतिजाको आधारमा निर्णय गरेर (क) ऋण मोचन, (ख) कर्जा चुक्ता स्थगन अवधिको अन्त्य (कर्जा चुक्ता सुरुगर्ने), (ग) कर्जा चुक्ता स्थगन अवधिको पुन: विस्तार मध्यको एउटा कर्जा लिने व्यक्तिलाई सूचित गरिन्छ** |
| प्रिफेक्चर बाहिर सरेका व्यक्तिहरूलाई | • साइतामा प्रिफेक्चरबाट अर्को प्रिफेक्चरमा सरेका र कर्जा चुक्ता स्थगन अवधि बढाउन चाहने व्यक्तिहरू, कृपया पहिले साइतामा प्रिफेक्चर समाज कल्याण परिषद कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी (050-2018-1839) मा सम्पर्क गर्नुहोस्। |
| जानिराख्नुपर्ने कुराहरू | • आवश्यक कागजातहरूमा कुनै त्रुटि नभएमा स्थानीय तह समाज कल्याण परिषदले आवेदनको 2 देखि 3 हप्ता पछि तपाईंलाई सम्पर्क गर्नेछ। कृपया अन्तर्वार्ताको लागि मिति र समय निश्चित गर्नुहोस्।<br>• स्थानीय तहको समाज कल्याण परिषदसँग दिएको अन्तर्वार्ताको परिणाममा आधारित भएर तपाईंको जीवनयापन पुनर्निर्माणमा सहयोग गर्नको लागि स्वतन्त्र परामर्श सहायता संस्थाको परामर्श डेस्कमा परिचय गराउन पनि सक्छौं।<br>• स्थानीय तह समाज कल्याण परिषद आदिबाट आउने सम्पर्कको जवाफ नदिई दोस्रो अन्तर्वार्ता सञ्चालन गर्न नसकेमा कर्जा कर्जा चुक्ता स्थगन रद्द हुन रद्द हुन सक्छ। |

**※ कृपया पछाडिको "कर्जा चुक्ता स्थगन अवधि विस्तारको लागि आवेदन प्रक्रियाको प्रवाह" पनि जाँच गर्नुहोस्।**

**आवश्यक कागजात क**

**कर्जा चुक्ता स्थगन अवधि विस्तारको आवेदन फारम तथा जीवनयापनको अवस्था पुष्टिकरण पत्र**

**※आवेदन फारमको प्रतिलिपि चाहिने व्यक्तिहरूले हुलाक मार्फत पठाउनु अघि प्रतिलिपि बनाउनुहोस्**

**※बारकोड**

## 1.कर्जा लिने व्यक्ति

| | |
|---|---|
| आवेदन मिति | रेइवा साल महिना तारिख |
| सापटी कोड | <कर्जा कोड नं> |

(सम्बन्धित व्यक्ति आफैंले लेख्ने) कर्जा आवेदक

| | | | | |
|---|---|---|---|---|
| फुरिगाना | | पुरुष / महिला | जन्म मिति | ताइस्यो स्योवा हेइसेइ |
| पूरा नाम ※आफैंद्वारा हस्तलिखित ※ हस्ताक्षर | | | | साल महिना तारिख<br>( वर्ष ) |
| हालको ठेगाना | 〒 | | प्रयोग गर्ने भाषा<br>※ विदेशी नागरिकहरूले मात्र जवाफ दिनुहोस् भाषा<br>※कृपया विदेशी नागरिकले मात्र खाली ठाउँ भर्नुहोस् | ※कृपया तपाईंले धेरैजसो प्रयोग गर्ने भाषा लेख्नुहोस् |
| बिहान र दिउँसो जुनसुकै बेला सम्पर्क गर्न मिल्ने फोन नम्बर | ( ) | | | |
| सोमबारदेखि शुक्रबार (बिदाको दिन बाहेक) सम्पर्क गर्न मिल्ने समय | बिहान / दिउँसो बजे तिर<br>※कृपया बिहान 9 बजेदेखि बेलुका 5 बजे बीचको समय भर्नुहोस् | | | |
| पहिलो अन्तर्वार्ता आदि गर्नका लागि तपाईंले इच्छाएको कुनै एक विधिमा घेरा लगाउनुहोस् | जीवनयापनको अवस्थाको बारेमा आमने-सामने कुराकानी / जीवनयापनको अवस्था आदिबारे टेलिफोनमा कुराकानी। | | | |
| **कृपया समस्या परेको अवस्थाबारे लेख्नुहोस् (स्वतन्त्र विवरण)** | | | | |

## 2. कर्जा लिने व्यक्तिको घरपरिवारको अवस्था

परामर्श आवेदक घरपरिवारको अवस्थाबारे

| पूरा नाम | नाता | उमेर | काम गर्ने ठाउँ / विद्यालयको नाम (कक्षा) | पेशा | आम्दानी (मासिक) | स्वास्थ्य अवस्था (चोट, रोग, अशक्तता आदिको स्थिति) |
|---|---|---|---|---|---|---|
| | सम्बन्धित व्यक्ति स्वयं | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | |
|---|---|
| जीवनयापन सुरक्षा भत्ता | 1 प्राप्त गरिरहेको [ साल महिनादेखि ] 2 प्राप्त गरिरहेको छैन |

| ऋणहरू | | ऋण लिएको ठाउँ | ऋण लिएको रकम | मासिक ऋण फिर्ता रकम | तिरिसक्न बाँकी वर्ष | तिर्न ढिलो भएको अवस्था |
|---|---|---|---|---|---|---|
| | छ / छैन | | | | | छ / छैन येन |
| | | | | | | छ / छैन येन |
| | | | | | | छ / छैन येन |

| घरपरिवारको मासिक आय | | घरपरिवारको मासिक खर्च | |
|---|---|---|---|
| विवरणहरू | रकम | विवरणहरू | रकम |
| | येन | खाना खर्च | येन |
| | येन | पानी, बत्ति, ग्यास शुल्क | येन |
| | येन | सञ्चार शुल्क | येन |
| | येन | आवास खर्च (घरभाडा) | येन |
| | येन | ऋण चुक्ता गर्नुपर्ने रकम | येन |
| | येन | अन्य | येन |
| कुल | येन | कुल | येन |

घरपरिवारको आय पुष्टिकरण

तलब वा प्राप्त गरिरहेको पेन्सन, आर्थिक सहायता र भत्ताहरू

※तपाईंमा लागु हुने बक्स (☐) मा टिक लगाउनुहोस्

- ☐ रोजगार (तलब) आय
- ☐ रोजगार बीमा
- ☐ वृद्धावस्था पेन्सन / जीवित परिवारको पेन्सन
- ☐ अशक्तता पेन्सन
- ☐ बाल बालिका भत्ता
- ☐ बाल बालिका पालन भत्ता
- ☐ चोटपटक र बिरामी भत्ता
- ☐अन्य ( )

※आवेदन गर्दा म निम्न बुँदाहरूमा सहमत रही कर्जा चुक्ता स्थगन अवधिको विस्तारको लागि आवेदन दिँदै छु (सहमत भएमा, कृपया माथिको नामको कोलममा आफ्नो हस्ताक्षर गर्नुहोस्)

- यो आवेदन फारम लगायतका आवश्यक कागजातहरू म हाल बसेको स्थानीय तहको समाज कल्याण परिषदलाई उपलब्ध गराइने कुरामा सहमत छु।
- यो आवेदन फारम आदि स्थानीय तहको समाज कल्याण परिषदलाई प्रदान गरिसकेपछि स्थानीय तहको समाज कल्याण परिषदले मलाई सम्पर्क गर्ने र अन्तर्वार्ता आदि सहित स्थानीय तहको समाज कल्याण परिषदबाट अनुगमन सहायता प्राप्त गर्न सहमत छु।
- कर्जा चुक्ता स्थगन अवधिको विस्तारको लागि आवेदन दिएपछि कम्तीमा दुई पटक अन्तर्वार्ता गरिने कुरामा सहमत छु।
- अनुगमन सहायताको अवधिमा मेरो जीवनयापन पुनः निर्माण गर्न लगनशीलताका साथ काम गर्न सहमत छु।
- स्थानीय तहको समाज कल्याण परिषदले साइतामा प्रिफेक्चर सामाजिक परिषदमा पेश गर्ने राय पत्रको सम्बन्धमा मेरो इच्छा बमोजिम लेख्न दवाव दिने छैन भन्ने कुरामा म सहमत छु।
- म तथा मेरो घरपरिवारका सदस्यहरू हिंसात्मक गिरोहका सदस्य होइनन्। म, श्री समाज कल्याण परिषदले आवश्यकता अनुसार सरकारी अड्डाखाना आदिबाट मेरो अथवा मेरो परिवारका सदस्यहरू हिंसात्मक संगठनको सदस्य हुन् कि होइनन् भन्ने कुरा जाँच्न जानकारीको माग गर्न सकिने कुरामा सहमत छु। 【हिंसात्मक गिरोह भन्नाले "हिंसात्मक गिरोहका सदस्यद्वारा गरिने अनुचित गतिविधि रोकथाम आदि सम्बन्धी ऐन" दफा 2 को उपदफा 2 मा उल्लेख भए अनुसार "उक्त गिरोह संरचनाको सदस्य (उक्त गिरोह भित्रको सहायक गिरोहको संरचनात्मक सदस्य समेत समावेश) ले सामूहिक रूपमा अथवा नियमित रूपमा हिंसात्मक गैरकानुनी गतिविधि आदि गर्नमा बल पुर्‍याउने खतरा रहेको संगठन" लाई जनाउँछ】
- भरिएको व्यक्तिगत जानकारीलाई यस प्रणालीको लागि आवश्यक हदसम्ममा स्वाबलम्वन परामर्श सहायता संस्था आदि सम्बन्धित संस्थालाई उपलब्ध गराउने कुरामा सहमत छु।
- साइतामा समाज कल्याण परिषद द्वारा यस प्रणालीको लागि आवश्यक हदमा राष्ट्रिय समाज कल्याण परिषद, अन्य प्रिफेक्चरका समाज कल्याण परिषदहरू, स्थानीय तहका समाज कल्याण परिषदहरू, स्थानीय सरकारहरू, सार्वजनिक रोजगार सुरक्षा कार्यालयहरू, आत्मनिर्भरता परामर्श सहायता संस्थाहरू, घरेलु आर्थिक सुधार सहायता संस्थाहरू आदिका सम्बन्धित संस्थाहरूसँग सोधपुछ गरी मेरो व्यक्तिगत जानकारी उपलब्ध गराउने कुरामा सहमत छु।

SAMPLE

# कर्जा चुक्ता स्थगन अवधि विस्तारको आवेदनको लागि आवश्यक कागजातहरू

## साइतामा प्रिफेक्चर समाज कल्याण परिषदमा आवेदन गर्दा आवश्यक पर्ने कागजातहरू

| क्रम संख्या | आवश्यक कागजात | स्वयं चेक कोलम |
|---|---|---|
| A | **कर्जा चुक्ता स्थगन अवधि विस्तारको आवेदन फारम तथा जीवनयापनको अवस्था पुष्टिकरण पत्र** | ☐ |
| B | **निवासी प्रमाणपत्र**<br>**※अनिवार्य रूपमा तलको सर्त पुरा गरेको निवासी प्रमाणपत्र पठाउनुहोस्।**<br>• **घरपरिवारको मुख्य व्यक्तिको नाम उल्लेख** भएको<br>• "घरपरिवारका सबै सदस्यहरूको निवासी प्रमाणपत्रको मूल पत्र र यो प्रतिलिपिको बीचमा कुनै पनि भिन्नता छैन भन्ने प्रमाणित गरिएको छ" भन्ने वर्णन भएको<br>• माइनम्बरको उल्लेख नभएको<br>• गत 3 महिना भित्र जारी गरिएको | ☐ |
| C | **आर्थिक वर्ष रेइवा 5 सालको लागि कर लागु प्रमाणपत्र (कर्जा लिने व्यक्ति वा घरपरिवारको मुख्य व्यक्ति) वा पछिल्लो 3 महिनाको आय देखाउने कागजात (कर्जा लिने व्यक्ति वा घरपरिवारको मुख्य व्यक्ति)**<br>• तलब भुक्तानी विवरण (प्रतिलिपि) वा आय स्थिति देखाउने कागजात<br>• पेन्सन प्राप्त गर्नेहरूले पेन्सन आदि भुक्तानीको सूचना (प्रतिलिपि) वा भुक्तानी देखाउने बैंक पासबुकको प्रतिलिपि<br>※वर्तमानमा कुनै आय नभएर रोजगारीबाट अलग भएको प्रमाणपत्र पेश गर्न सक्नुहुन्छ भने कृपया पेश गर्नुहोस्। | ☐ |

**※त्यस बाहेक यदि तपाईंसँग निम्न कागजातहरू छन् भने कृपया तिनीहरूलाई सँगै पेश गर्नुहोस्।**

• परिवारमा मानसिक स्वास्थ्य कल्याण पुस्तिका, शारीरिक अपाङ्गता पुस्तिका, वा नर्सिङ पुस्तिका भएको व्यक्ति छ भने उक्त पुस्तिकाको प्रतिलिपि, चिकित्सकको निदान पत्र वा विभिन्न पुस्तिका, विभिन्न भत्ता वा लाभहरू प्राप्त गरेको सूचना आदि कर्जा लिने व्यक्ति र परिवारको शारीरिक र मानसिक अवस्था र जीवनयापनको अवस्था देखाउने कागजातहरू

- **आवश्यक कागजातहरू यो चिट्ठीसँगै पठाइएको फिर्ती खाममा हालेर हुलाक मार्फत साइतामा प्रिफेक्चर समाज कल्याण परिषदमा पठाउनुहोस्।**
- **आवश्यक कागजातहरूमा कुनै त्रुटि नभएको कुरा साइतामा प्रिफेक्चर समाज कल्याण परिषदमा पुष्टि गरिएपछि तपाईं बसोवास गर्ने स्थानीय तहको समाज कल्याण परिषदलाई उपलब्ध गराइनेछ।**
- **आवेदन पछि 2-3 हप्ता जति पछि स्थानीय तहको समाज कल्याण परिषदद्वारा तपाईंलाई सम्पर्क गरिँदा कृपया अन्तर्वार्ता आदिको लागि मिति र समय निश्चित गर्नुहोस्।**
- **यदि तपाई जापानी भाषा बुझ्नुहुन्छ भने कृपया कल सेन्टरमा फोन गर्नुहोस्।**

फोन नम्बर 050-2018-1839

खुल्ने/बन्द हुने सोमवार देखि शुक्रवार (बिदाको दिन बाहेक) 9:00 ~ 17:00

https://www.fukushi-saitama.or.jp/site/problem_33.html

# कर्जा चुक्ता स्थगन अवधि विस्तारको लागि आवेदन प्रक्रियाको प्रवाह

1 कर्जा लिने व्यक्तिले कर्जा चुक्ता स्थगन अवधि विस्तारको लागि आवेदन दिने भएमा आवश्यक कागजातहरू फिर्ती खाममा राखेर यसलाई साइतामा प्रिफेक्चर समाज कल्याण परिषदमा हुलाक मार्फत पठाउनुहोस्।

आवश्यक कागजात

क कर्जा चुक्ता स्थगन अवधि विस्तारको आवेदन फारम तथा जीवनयापनको अवस्था पुष्टिकरण पत्र

ख कर्जा लिने व्यक्ति र घरपरिवारको मुख्य व्यक्तिको रेइवा आर्थिक वर्ष 5 सालको व्यक्तिगत कर लागु प्रमाणपत्र वा पछिल्लो 3 महिनाको आय थाहा हुने कागजात

ग परिवारका सबै सदस्यहरू सूचीकृत निवासी प्रमाणपत्र (जारी भएको 3 महिना भित्रको)

यदि कर्जा लिने व्यक्ति र परिवारका सदस्यहरूको मानसिक, शारीरिक र जीवनयापनको अवस्था देखाउने कुनै कागजातहरू जस्तै अशक्तता पुस्तिकाको प्रतिलिपि छन् भने कृपया तिनीहरूलाई सँगै पेश गर्नुहोस्।

2 कर्जा लिने व्यक्तिलाई स्थानीय तहको समाज कल्याण परिषदबाट सम्पर्क गरिएपछि पहिलो अन्तर्वार्ता आदि गरिनेछ।

कृपया पहिलो अन्तर्वार्तामा मुख्य रूपमा निम्न बुँदाहरू व्याख्या गर्नुहोस्।

- वर्तमानको कर्जा चुक्तामा कठिनाइ भएको कारण र परिस्थितिहरू बारे
- कर्जा चुक्ता स्थगन अवधि भित्र, कर्जा लिने व्यक्ति आफैले आफ्नो आम्दानी बढाउने वा खर्च समीक्षा गर्ने जस्ता आफ्नो जीवनयापन पुनर्निर्माण गर्न इमानदार प्रयासहरू गरिरहेको छ कि छैन।
- कर्जा लिने व्यक्ति र परिवारको शारीरिक र मानसिक अवस्था र जीवनयापनको अवस्था
- काम गरेर, आम्दानी बढाएर, घरायसी आर्थिक सुधार आदि गरेर जीवनयापन पुनर्निर्माण गर्न सम्भव छ कि छैन?

3 साइतामा प्रिफेक्चर समाज कल्याण परिषदले स्थानीय तहका समाज कल्याण परिषदमा दिइएको अन्तर्वार्ता आदिको नतिजाको आधारमा कर्जा चुक्ता स्थगन अवधि बढाउने वा नबढाउने निर्णय गरेर कर्जा लिने व्यक्तिलाई सूचित गर्छ

4 कर्जा लिने व्यक्तिले स्थानीय तहको समाज कल्याण परिषदबाट परामर्श सहयोग र जीवनयापन अवस्थाको पुष्टि जस्ता निगरानी सहायता प्राप्त गर्छ।

5 कर्जा लिने व्यक्तिले स्थानीय तहको समाज कल्याण परिषदसँग मिति र समय समन्वय गरेर दोस्रो अन्तर्वार्ता गरिनेछ (आवेदन फारम प्राप्त गरेको लगभग 6 महिना पछि)
※ सिद्धान्ततः दोस्रो अन्तर्वार्ता आमनेसामने हुनेछ

पहिलो अन्तर्वार्ता आदिमा मुख्य रूपमा निम्न बुँदाहरू व्याख्या गर्नुहोस्।

- स्थानीय तह समाज कल्याण परिषदको सहयोग प्राप्त गरेर कर्जा चुक्ता गर्न कठिनाइ हुनुको कारण समाधान भएको छ कि छैन
- कर्जा चुक्ता स्थगन अवधि भित्र, कर्जा लिने व्यक्ति आफैले आफ्नो आम्दानी बढाउने वा खर्च समीक्षा गर्ने जस्ता आफ्नो जीवनयापन पुनर्निर्माण गर्न इमानदार प्रयासहरू गरिरहेको छ कि छैन।
- पहिलो अन्तर्वार्ता देखि दोस्रो अन्तर्वार्ताको बीचमा कर्जा लिने व्यक्ति र परिवारको शारीरिक र मानसिक अवस्था र जीवनयापनको अवस्था
- काम गरेर, आम्दानी बढाएर, घरायसी आर्थिक सुधार आदि गरेर जीवनयापन पुनर्निर्माण गर्न सम्भव छ कि छैन?

6 प्रिफेक्चर समाज कल्याण परिषदले स्थानीय तहको समाज कल्याण परिषदको अन्तर्वार्ताहरू आदिको नतिजाको आधारमा निर्णय गरेर <u>(क) ऋण मोचन, (ख) कर्जा चुक्ता स्थगन अवधिको अन्त्य (कर्जा चुक्ता सुरुगर्ने)</u>, (ग) कर्जा चुक्ता स्थगन अवधिको पुन: विस्तार मध्यको एउटा निर्णय गरेर कर्जा लिने व्यक्तिलाई सूचित गरिन्छ